महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

भोजपुर नगरपालिका

भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

भोजपुर नगरपालिका

भोजपुर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

पाँचौं वार्षिक प्रतिवेदन

२०७९

भोजपुर नगरपालिका

भोजपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भोजपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
भोजपुर ।

कैफियतसहितको राय

हामीले भोजपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ५५ लाख ९९ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिकृयाबाट रु १ लाख ८७ हजार फछ्यौंट भई बाँकी बेरुजु असुल उपर गर्नुपर्ने रू. ४४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ८४ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु २ करोड १३ लाख १३ हजार र पेश्की रू. १२ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु ८ करोड ३२ लाख ५१ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १३ करोड ८६ लाख ६३ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

भोजपुर नगरपालिका, भोजपुर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
७९	१३६	५५५९९	०	२	१८७	७९	१३४	५५४१२	४४६५	२१३१३	२८४३४	०	०	४९७४७	१२००

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	५६	कार्यसम्पन्न पेश हुनुपर्ने	१८६९१३

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
भोजपुर नगरपालिका भोजपुर	८३२५१	०	०	८३२५१	०	५५४१२	१३८६६३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: भोजपुर नगरपालिका, भोजपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राम प्रसाद ढुङ्गेल	२०७८-४-१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	सुरेन्द्र राई	२०७८-५-१६	२०७९-३-३२
लेखा प्रमुख	मुकुन्द राई राई	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	५५,४११,८१९.५४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,४६,२२,०८९.५४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४४,६२,९९,५००	**चालु खर्च**	३८,२७,८८,६७५.३२
प्रदेश सरकारबाट अनुदान	३,४७,५५,०००	**पूँजीगत खर्च**	१७,१८,२८,९४९.९३
राजश्व बाँडफाँट	९,१०,३०,१२१.३८	**वित्तीय/अन्य व्यवस्था**	१५,०५,६३,११६.७७
आन्तरिक आय	२,०४,०३,९१६.९१		
अन्य आय	१२,३५,६९,३३२.१२		
कुल आय	७१,६०,५७,८७०.४१	**कुल खर्च**	७०,५१,८०,७४२.०२
बाँकी मौज्दात		५,५४,९९,२१७.९२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, ६८.४ वर्ग किलोमिटर क्षेत्रफल तथा १७७५६ जनसंख्या रहेको छ।	
२			**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता लगायतको आर्थिक वर्ष २०७८।७९ को आयव्यय (शुत्र-२७२ र CGASसमायोजन) हिसाबको समग्र अवस्था निम्न बमोजिम रहेको छ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४४६२२०८९।५४	१	**चालु खर्च**	३८२७८८६७५।३२	
	क) नगद			२	**पूँजीगत खर्च**	१७१८२८९४९।९३	
	ख) बैंक	४४६२२०८९।५४		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	क) आन्तरिक राजस्व	२०४०३९१६।९१	१११४३४०३८।२९		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	९१०३०१२१।३८			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**	११२१०००००	४४६२९९५००		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	११२१०००००			शेयर लगानी		
	ख) सशर्त अनुदान	३३४१९९५००			अन्य लगानी		
	ग) समपूरक अनुदान			५	**धरौटी फिर्ता**	१५७७२५४	
	घ) विशेष अनुदान			६	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३४७५५०००	७	**कोष फिर्ता**	१०८६२५९५।६५	
	क) वित्तिय समानीकरण अनुदान	६४१५०००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	१८३४००००			क) बैंक मौज्दात	४२९६४०१८।०७	
	ग) समपुरक अनुदान	१०००००००|			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान			९	**शसर्त अनुदान फिर्ता**	३९५२८९८४।५१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

५	अन्तर स्थानीय तहबाट प्राप्त		९९७६८८६२।४६	१०	गत बर्षको बढी अल्या		
	क सामाजिक सुरक्षा	९९३०८८८७		११	अन्तर स्थानीय तहबाट प्राप्त		
	ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम				क सामाजिक सुरक्षा	९९३०८८८७	
					सामाजिक सुरक्षा फिर्ता		
	ग) गरिव संग विश्वेश्वर	४५९९७५।४६			ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम		
	घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम				ग) गरिव संग विश्वेश्वर	४५९९७५।४६	
	ङ)				घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम		
६	अन्य				ङ)		
	क) क्षेत्रीय शहरी विकास योजना			१२	जनश्रमदान मौज्दात		
	ख) सडक बोर्ड नेपाल			१३	धरौट मौज्दात	६३१८१३१।५१	
	ग) पर्यटन बोर्ड नेपाल			१४	कोष खाताको मौज्दात	५०४२४८८।४९	
	घ) एन एन एस डब्लु ए						
७	विभिन्न कोषतर्फको आय		१५९०५०८४।१४				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त		७८९५३८५।५१				
१०	धरौटी आय						
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय						
	जम्मा		७६०६७९९५९।९४		जम्मा	७६०६७९९५९।९४	

३			**लेखापरीक्षणको क्रममा राजश्व रू. ११७१०० असुल भई दाखिला भएको छ।**	
४			**वित्तीय विवरण विश्लेषण**	
५			**वित्तीय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । · पालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS)	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रकम SuTRA सफ्टवयेरमा समावेश नभएकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको छ भन्न सकिएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**जिम्मेवारी फरक परेको :** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५९४५४३३३.७० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४४६२२०८९.५४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४८३२२४४.१६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।	
७			**बैक हिसाब मिलान नगरेको :** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले रू ११९८००१।८५ बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने देखिन्छ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	स्थानीय संचित कोष खाता	४२६६६००७।५७	४३०९७७९८।४७	४३१७९०.९
२	स्थानीय तह आन्तरिक राजश्व	२७४५८८.५	९०२३९७.४५	६२७८०८.९५
३	स्थानीय तह धरौटी खाता	६३१८१३१.५१	६४५६५३३.५१	१३८४०२
४	स्थानीय तह आन्तरिक अनुदान खाता	०	०	०
५	स्थानीय तह चालु खर्च खाता	०	०	०
६	स्थानीय तह बाँडफाटबाट प्राप्त राजश्व खाता	०	०	०
७	स्थानीय तह पूँजिगत खर्च खाता	०	०	०
८	स्थानीय तह विविध कोष खाता	३७९४०१३.९५	३७९४०१३.९५	
९	स्थानीय तह प्रकोप व्यवस्थापन कोष	१०१५८१८.५४	१०१५८१८.५४	
१०	स्थानीय तह विविध खाता	२३२६५६	२३२६५६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न बमोजिम रहेका छन्-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन। • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी, मितव्ययी, कार्यदक्षता जोखिमरहित ढंगबाट सम्पादन गर्न विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
९			**कारोबारको लेखा :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ अनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तबमोजिम महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजस्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्व रकमको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
१०			**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**बजेट पेश, पारित र अख्तियारी :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा उपप्रमुख श्री ममिता राईले मिति २०७८।३।१० मा रु.६३ करोड ९९ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेमा स्थानीय तहका प्रमुखले मिति २०७८।५।१७ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।	
१२			**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।	
१३			**चौमासिक पूँजीगत खर्च :**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th>कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>(रु. हजारमा)</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>१७१८२८</td><td>२३९१२</td><td>४९३३४</td><td>९८५८२</td><td>५६१२८</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१३.९२</td><td>२८.७१</td><td>५७.३७</td><td>३२.६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चः
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आर्थिक विकास</td><td>७९४८४६३५.९८</td><td>५३८५१२८५.३३</td><td>६७.७५</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१११७७९९९८</td><td>९०९६६२६९.९९</td><td>८१.३८</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३०५४४९०७०</td><td>२८३३३९६८१.४१</td><td>९२.७६</td></tr>
<tr><td>वातावरण तथा विकास</td><td>१३४५६०००</td><td>८४४९६८७.२८</td><td>६२.७९</td></tr>
<tr><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२९७८१४४८</td><td>११८०१०७०१.०४</td><td>९०.९३</td></tr>
<tr><td>जम्मा</td><td>६३९९५११५१.९८</td><td>५५४६१७६२५.०५</td><td></td></tr>
</table>
उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ६७.७५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ९२.७६ प्रतिशत, पूर्वाधार विकासतर्फ ८१.३८ प्रतिशत, वातावरण तथा विकास तर्फ ६२.७९ र अन्य कार्यालय संचालन तथा प्रशासनिक तर्फ ९०.९३ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ६७.७५ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>खर्च बिश्लेषण :

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २०४०३९१६.९१ र राजश्व बाँडफाँड ९१०३०१२१.३८, अनुदान, अन्तरसरकारी वजेटबाट रु.६०४६२३८३२.११ समेत रु. ७१६०५७८७०.४० आम्दानी भएकोमा चालुतर्फ रु. ३८२७८८६७५.३२ र पुंजीगततर्फ रु. १७१८२८९४९.९३ र वित्तीय व्यवस्थातर्फ शून्यसमेत रु. ५५४६१७६२५.२५ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.६७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा ८३५१०००.००</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँडको रकमबाट ६९.०१ प्रतिशत चालु र ३०.९८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा खर्च गरिनुपर्दछ।	
१६			**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरकाको विकासका लागि आबधिक, बार्षिक, रणनीति बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन बिकास योजना बनाई लागू गर्नुपर्ने र योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क्र. सं.	विवरण	योजना संख्या	बजेट रकम
१	रु एक लाख सम्मको योजना	३९५	२३२६२४४३
२	रु एक लाख एक देखि दुई लाख सम्मका योजना	७३	१२५८२९५३।५०
३	रु दुई लाख एक देखि पाँच लाख सम्मका योजना	४४	१५४३४११०
४	रू पाँच लाख एक देखि दश लाख सम्मका योजना	४	२६३६६५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>रू दश लाख एक भन्दा माथिका योजना</td><td>१०</td><td>२१८२४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५२६</td><td>६३१५७२०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुदान फिर्ता :

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>३३४५९९०००</td><td>२९८८२६५९२</td><td>३५७७२४०७।८९</td><td></td></tr>
<tr><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त</td><td>१७५५५५००</td><td>१३३९९४२३।३८</td><td>४१५६०७६।६२</td><td></td></tr>
<tr><td>विशेष</td><td>६८४०००</td><td>६८४०००</td><td>०</td><td></td></tr>
<tr><td>समपुरक</td><td>१००००००००</td><td>८०३५५५५</td><td>०</td><td>१९६४४४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६२८३८५००</td><td>३२०९४५५७०।३८</td><td>३९९२८४८४।५१</td><td>१९६४४४५</td></tr>
</table>
</td><td>१,९६४,४४५</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुदानको अनुगमनः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत विगत वर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकाका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्बन्धी कानून बनाई अनुगमनलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२०			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
२१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ७७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृतबाहेक ६३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, सि डि ई, शिक्षा अधिकृत, जनस्वास्थ्य अधिकृत तथा सहायकसहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२२			**कल्याण कोष :**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू २४९३६३१ कोषमा जम्मा गरेको छ। सो को लागि कार्यविधि तयार गरिनु पर्दछ।	
२३			**गुणस्तर परीक्षण :** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सावर्जानिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यावस्था छ । स्थानीय तहले निर्माण व्यावसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ।	
२४			**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १७ रहेकोमा यो बर्ष ७ विवाद दर्ता भई जम्मा २४ वटा मुद्दामा यस आर्थिक वर्षमा फस्यौंट भएका १० गरी बाँकी १४ मुद्दा फस्यौंट हुन बाँकी रहेको देखिन्छ।	
२५			**लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ। जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ। पालिकामा लेखा समितिसमेत गठन भएको पाइएन। पालिकाले यो वर्ष अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरेको देखिएन। लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन। कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।	
२६			**कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। यस वर्ष ४ वटा कानून बनाई कार्यान्वयनमा ल्याएको छ । पालिकाले सभावाट कानुनहरु बनाई पारित गरी कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन। पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ।	
२७			**सेवा प्रवाह :** पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका र विवरण हेर्नुहोस्)	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२८
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१२०६
मृत्युदर्ता	२७४
बसाईसराई दर्ता	१६०
विवाह दर्ता	४१६
सम्बन्धविच्छेद दर्ता	३६
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पन्जिकरण बाहेकका अन्य सेवा संचालनमा सन्तोषजनक प्रगति देखिएन।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार १ नम्बर प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. ८३५१००० खर्च लेखेको देखिन्छ ।	

सि.नं	विवरण	प्रमुख/अध्यक्ष	उपप्रमुख/उपाध्यक्ष	वडाअध्यक्ष१२ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४० जना	जम्मा ६२
१	बैठक भत्ता	८	८	२७१	४६	६७५	१००८०००
२	यातायात खर्च	०	०	५४४।४	२१५	१०५०	१८०९५००
३	टेलिफोन,मोबाइल	४०	४०	३०२।५	१२९	६३०	११४१५००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	२०	२०	२४२	८६	४२०	७८८०००
५	समन्वय तथा सहजीकरण						
६	अतिथि सत्कार	१००	६०	६०५	२१५	१०५०	२०३००००
७	खानेपानी/बिजुली/सरसफाई	६५	५५	२४२	१७२	४२०	९५४०००
८	चाडपर्व खर्च	१०	१०	१२०	८०	४००	६२००००
जम्मा							८३५१०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**कार्यविभाजन तथा सम्पादनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन। कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ।	
३०			**खाना तथा विविध खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रू ४०८४५८० खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।	
३१			**आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रू १२६०००० आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।	
३२			**कोभिड-१९ तर्फ**	
३३			**आय व्यय :** पालिकाले कोभिड-१९ को नियन्त्रण रोकथाम तथा उपचारको लागि यो वर्ष निम्नअनुसार रु. ६८७३६४।३९ खर्च गरेको छ । कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न आइसोलेसन सेन्टर गरेकोमा कोरोना प्रभावित व्यक्ति बस्न छाडेपछि त्यसको	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सदुपयोग गर्ने कार्यविधि बनाएको छैन । त्यसैगरी खरिद भएका औषधि एवं उपकरणको प्रयोग सम्बन्धमा कुनै कार्यविधि नबनेकोले यसको प्रभावकारी सदुपयोग भएको भन्न सक्ने अवस्था छैन । कोभिड-१९ को विरामीको अद्यावधिक अभिलेख नरहेकोले विश्लेषण गर्न सकिएन ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रू</th><th>खर्चको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>गत वर्षको बाँकी</td><td>६८७३६४।३९</td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट</td><td></td><td>क्वारेन्टिन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td></td><td>औषधि तथा उपकरण खरिद</td><td>६२८३९८।८५</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td></td><td>आइसोलेसन सेन्टर निर्माण तथा व्वस्थापन</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>अस्थाई कोभिड अस्पतालमा कार्यरत कर्मचारीको तलब भत्ता</td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>५८९६५।५४</td></tr>
<tr><td></td><td>६८७३६४।३९</td><td>जम्मा</td><td>६८७३६४।३९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार यस पालिकाको अति विपन्न तथा गरिब परिवारलाई प्रति परिवार रू १०००० का दरले ४६७</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परिवारलाई रू ४६७०००० नगद अनुदान उपलब्ध गराएकोमा अति विपन्न तथा गरिब छनौटका आधार तथा मापदण्ड पेश हुन नसकेकोले आधार तथा मापदण्ड पेश हुनुपर्दछ।	
३५			**धरौटी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।	
३६			**आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्त्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यबस्था छ। तर पालिकाले अन्तर सरकारी अख्तियारीतर्फको कारोबारको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट गराएपनि आन्तरिक श्रोत, राजश्व बाडफाड,कोष र अनुदान बजेट शिर्षकको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न गराएको समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने,गराउने गरी सुधार हुनुपर्दछ ।	
३८			**सम्झौताको कार्यान्वयन :** पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजनाको सम्झौतामा देहाय बमोजिमको व्यवस्था गरेकोमा सम्झौतामा उल्लेखित अधिकांश शर्तहरुको पालना गरेको देखिँदैन । पालिकाले सम्झौतामा उल्लेखित शर्तहरु पुर्णरुपमा पालना भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्दछ। • नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेमा राखेको छैन, • उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनुपर्ने र त्यसको लेखापरीक्षण पनि गराउनुपर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले लेखापरीक्षण गराएको छैन, • मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।- भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन, • आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेमा सोको अनुगमन भएको छैन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उल्लेखित शर्तहरुको परिपालना नभएबाट कामको लागत, गुणस्तर एवं प्रतिफलको सम्बन्धमा आश्वस्त हुन नसकिएकोले दुबै पक्षले शर्तहरुको पालना गर्नुपर्दछ ।	
३९			**मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।	
४०			**निर्माण स्थल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ।	
४१			**हेभि इक्विपमेन्टको प्रयोग :**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने ब्यबस्था छ । सो नियमावली को प्रतिवन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको पाईए तापनि नियमावलीको व्यबस्था बमोजिम सम्वन्धित प्राबिधिकको सिफारिश गराई कार्यालयबाट लिएको पाईएन । यसका केही उदाहरण यस प्रकार रहेका छन्।
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>कार्य</th><th>भुक्तानी रकम</th><th>हेभी उपकरणको खर्च</th></tr>
<tr><td>१२९/०७८-९-१२</td><td>दारिम बोटे कृषि सडक उ.स.</td><td>सडक खन्ने</td><td>२०००००</td><td>२३०४४९</td></tr>
<tr><td>१३७/०७८-९-१९</td><td>सुर्के नयाराइटोल सडक बिस्तार उ.स.</td><td>सडक बिस्तार</td><td>१२६२५५</td><td>१४५८७९</td></tr>
<tr><td>१४४/०७८-९-२६</td><td>पितौला देखि तित्रिडाडा कृषि सडक बिस्तार</td><td>सडक बिस्तार</td><td>१५००००</td><td>१७२९५१</td></tr>
<tr><td>१४८/०७८-९-३०</td><td>मागुवा तपोस्वाङ्ग सडक बिस्तार उ.स.</td><td>सडक बिस्तार</td><td>२०००००</td><td>२३०९३३</td></tr>
<tr><td>१५१/०७८-९-३०</td><td>मुक्चिमालाको काभ्रे डाँडा देखि नाके डाँडा जाने सडक बिस्तार</td><td>सडक स्तरोन्नति</td><td>१४५९१७</td><td>१६८२६६</td></tr>
<tr><td>४३।२०७८।७।७</td><td>डाँडाखर्क खेल मैदान विस्तार उ स</td><td>डाँडाखर्क खेलमैदान विस्तार</td><td>४०००००</td><td>४६४३८५</td></tr>
<tr><td>६०।२०७८।७।२९</td><td>तल्लो वेतेनी खा पा निर्माण उ स</td><td>खानेपानी आयोजना निर्माण</td><td>१४९७८४</td><td>१०८०१०</td></tr>
<tr><td>९३।२०७८।८।१५</td><td>सिमधारा हुँदै वादुरेसम्म ट्रयाक ओपन उ स</td><td>सडक ट्रयाक निर्माण</td><td>१०००००</td><td>११५५३८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९४।२०७८।८।१५</td><td>सिमघारी हुँदै वादुरेसम्म सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१९४०००</td><td>२४६६५१</td></tr>
<tr><td>१७२।२०७८।१०।७</td><td>पितोलादेखि सिखानी सडक विस्तार उ स</td><td>सडक विस्तार</td><td>१४५५००</td><td>१६८४३५</td></tr>
<tr><td>१८९।२०७८।१०।१७</td><td>स्मृति चोक ढोडेपानी हुँदै शेरा सम्म सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>२०००००</td><td>१२१०४६</td></tr>
<tr><td>२००।२०७८।१०।२१</td><td>दुम्सिका सुचे कुवावाट देविथान जोड्ने वाटो निर्माण उ स</td><td>सडक निर्माण</td><td>२४२५००</td><td>२८०५४७</td></tr>
<tr><td>२०६।२०७८।१०।२४</td><td>पितौला वालचण्डादेखि अखुवा पारपानी जोड्ने सडक विस्तार उ स</td><td>सडक निर्माण</td><td>४८५०००</td><td>५५८७२८</td></tr>
<tr><td>२२५।२०७८।११।४</td><td>वालाग्री खोल्सी भदौरे जोड्ने सडक ट्र्याक उ स</td><td>सडक ट्र्याक ओपन</td><td>१९९९८७</td><td>२३००५५</td></tr>
<tr><td>२२८।२०७८।११।५</td><td>ओडारे कृषि सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१८४९९९</td><td>२१३२३८</td></tr>
<tr><td>२३२।२०७८।११।८</td><td>मान्द्रे कार्तिके वाघखोर कृषि सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>३८८०००</td><td>४४६६५८</td></tr>
<tr><td>२३४।२०७८।११।९</td><td>भिमसेनथान गुल्ठेली डाँडा शुक्रवारे कृषि सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>२४९९९९</td><td>२८८०९३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>उपभोक्ता समितिको श्रेस्ता अनुगमन :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।	
४३			**गाउँपालिका पुँजिगत तर्फ**	
४४			**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको सबै निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।	
४५			**लागत सहभागिता :** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता शिरोभारसहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट कार्य गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले सेतो गुँरास बाल तथा सामुदायिक विकास संस्थालाई अधेरी खोलामा ट्रस पूलको सामाजिक तथा प्राविधिक संगठनात्मक सहयोग गरे वापत निजलाई रू ११७२३८।०० उपलब्ध गराएकोमा सो उद्देश्य अनुसार कार्य भएको नपाइएको रू	११७,२३८
४७			**सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु शिर्षकबाट फर्निचर, मेशिनरी तथा कार्यालय सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई रु 7930459 वरावरका विभिन्न सामान सोझै खरिद गरेको देखियो । खरिद कानुनमा भएको व्यवस्था विपरित सीमा भन्दा वढी रकमको पटक पटक सोझै खरिद गरेको अनियमित देखिएको रु.	७,९३०,४५९

सि नं	गो भौ नं मिति	खरिद विवरण	खरिद फर्म	भुक्तानी रकम
पालिका चालुतर्फ				
१	११।२०७८।६।१९	तारजाली खरिद	सरस्वती हार्डवेयर	४९८९९६
२	६५।२०७८।७।१४	ल्यापटप प्रिन्टर खरिद	लर्ड वुद्ध ट्रेड एण्ड सप्लायर्स	३९९४५५
३	१३०।२०७८।८।२१	ल्यापटप खरिद	मेगा सोलुसन	१३६०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४	२३१।२०७८।१०।६	सर्जिकल सामान	तोरण ट्रेड लिंक	४००३११
५	४००।२०७८।१२।२०	स्वास्थ्य उपकरण	तोरण ट्रेड लिंक	४८४३४४
६	४०१।२०७८।१२।२०	स्वास्थ्य उपकरण	तोरण ट्रेड लिंक	२१३११८
७	५८५।२०७९।३।९	तारजाली खरिद	रोज फर्निचर उद्योग एण्ड हार्डवेयर	४९७४२६
८	पालिका पूँजीगततर्फ			
८	१५८।२०७८।१०।२	फर्निचर सामान	हिमाल घरेलु फर्निचर उद्योग	६०२५१६
९	१६८।२०७८।१०।५	ल्यापटप खरिद	धरान कम्प्युटर	१३३००१
१०	१७६।२०७८।१०।१	ल्यापटप खरिद	लाक्पा सप्लायर्स एण्ड प्रिन्टिङ्ग	२९७१९०
११	१७७।२०७८।१०।१	ल्यापटप प्रोजेक्टर	लर्ड वुद्व ट्रेड एण्ड सप्लायर्स	२९७१९०
१२	२३३।२०७८।११।८	फर्निचर सामान	चिनो फर्निचर	२०२७२२
१३	३९२।२०७९।१।११	डिजिटल कलर प्रिन्टर	मल्टी टेक सप्लायर्स	४९९९१२
१४	३९८।२०७९।१।१४	प्रिन्टर कार्टिज	लाक्पा सप्लायर्स एण्ड प्रिन्टिङ्ग	४२२६०८
१५	४५७।२०७९।३।७	फर्निचर	लर्ड वुद्व ट्रेड एण्ड सप्लायर्स	३५२५६०
१६	४६३।२०७९।३।९	तारजाली	मकालु निर्माण सेवा	४९०९४४
१७	विभिन्न	विभिन्न सामान	गुरूचेला ट्रेड एण्ड सप्लायर्स	४२६८२२
१८		औषधी	यज्ञराज मेडिसिन सप्लायर्स	५९४२२४
१९		औषधी	यज्ञराज मेडिसिन सप्लायर्स	५८११२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>२०</td><td></td><td>औषधी</td><td>सिजा आयुर्वेदिक औषधालय</td><td>४०००००</td></tr><tr><td colspan="4">जम्मा</td><td>७९३०४५९</td></tr></table>	
४८			**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा निर्माण सामाग्री ढुवानीको दररेट जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दर बमोजिम हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न योजनाको लागि डण्डी ढुवानीको मोरङ जिल्लाको डण्डी प्रति के.जी. ८८ जिल्ला दररेट भएकोमा ढुवानी गर्दा प्रति के.जी. ८८।५ के.जी. का दरले निम्नानुसारका योजनाहरुमा खपत भएको डण्डीको ढुवानी प्रति के.जी. रू ५ बढी हुन गएकोले उक्त रकम असुल गर्नुपर्ने रू <table><tr><td>सि नं</td><td>आयोजनाको नाम</td><td>प्रयोग भएको डण्डी के.जी.</td><td>प्रति के.जी. ५ ले हुने बढी</td></tr><tr><td>१</td><td>चेचेखा सिंचाई योजना</td><td>२५४०</td><td>१२७०</td></tr><tr><td>२</td><td>नाकाम खोला सिंचाई</td><td>६२५०</td><td>३१२५</td></tr><tr><td>३</td><td>गोपिनी खोला कूलो सिंचाई</td><td>२८००</td><td>१४००</td></tr><tr><td>४</td><td>नाम्चे सिंचाई योजना</td><td>२९१०</td><td>१४५५</td></tr><tr><td>५</td><td>छिना मुखले सिंचाई योजना</td><td>५०४०</td><td>२५२०</td></tr><tr><td>६</td><td>सिरवानी साप्छेम सिंचाई योजना</td><td>२१३०</td><td>१०६५</td></tr><tr><td>७</td><td>माण्डपे सिंचाई योजना</td><td>५९५०</td><td>२९७५</td></tr></table>	१४,६९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			८ | कात्तिके सिंचाई योजना | १७७० | ८८५ जम्मा | | | १४६९५	
४९			**कर कट्टा नगरेको :** आयकर ऐन, २०५८ को दफा ८८ मा पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले अधिवक्ता भीषण श्रेष्ठलाई मिति २०७८।४।१ देखि नियुक्ति गरी मासिक रू १५०००।०० का दरले ९ महिना सम्म १३५०००।०० भुक्तानी दिएकोले निजको मुल्य अभिवृद्धि कर बील समेत पेश नभएको अवस्थामा निजलाई १ प्रतिशत मात्र सामाजिक सुरक्षा कर कट्टा गरेको देखिएकोले नपुग कर रू १८९००।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रू	१८,९००
५०			**नर्म्सभन्दा वढी भुक्तानीः** प्रदेश नं १ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला एवं वैठक भत्ता सम्बन्धी व्यवस्था गरिएको छ । पालिकाले खर्च गर्दा सोही कार्यविधि वमोजिम तालिम केन्द्र वाहेक अन्य निकायवाट सञ्चालित सबै प्रकारका तालिममा संवन्धित कार्यालयले संचालन गरेको तालिम भएको अवस्थामा वाहिरी श्रोत व्यक्तिले कक्षा लिएको खण्डमा कार्यपत्र वापत प्रति कार्यपत्र रु.१०००।०० तथा कक्षा लिए वापत प्रतिकक्षा रु.६००।०० खर्च लेख्न मिल्ने व्यवस्था छ । पालिकावाट संचालित मेलमिलापकर्ता तालिमको लागि महिला विकास निरीक्षक वुनु राईले लिएको पेश्की गो भौ नं ३०४।२०७८।११।०५ मा फर्छ्यौट गरेको देखियो । मिति २०७८।१०।१२ देखि १९ सम्म ८ दिन संचालित तालिम कार्यक्रममा दैनिक चार वटा कक्षा तथा कार्यपत्रको दरले ८ दिने तालिम कार्यक्रममा ३२/३२ कार्यपत्र र कक्षाको खर्च लेख्न मिल्नेमा ४८/४८ कार्यपत्र र कक्षाको खर्च लेखेको देखिएकोले वढी कक्षा र कार्यपत्रको भुक्तानी भएको निम्नानुसारको रकम असूल हुनुपर्ने रु.	२५,८४०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

सि नं	प्रशिक्षकको नाम	कक्षा तथा कार्यपत्र संख्या	भुक्तानी रकम	खर्च लेख्न मिल्ने रकम	वढी भुक्तानी	कर कट्टी पछिको वढी भुक्तानी
१	इश्वर मगर	२४	४०८००	५१२००	३०४००	२५८४०
२	याम मावोहाङ लिम्वु	२४	४०८००			

</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>प्रोभिजनल समको रकम भुक्तानीः</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिल भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्न सक्ने उल्लेख छ । त्यसैगरी नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ भने १२५(१) मा निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र संवन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ भन्ने उल्लेख छ । वडा नं ८ को वडा कार्यालय भवनको प्रोभिजनल सममा रहेको ल्याव टेष्ट वापत ठेकेदार वालकन्या देवी कटक वहादुर निर्माण सेवालाई रु.२५०००।०० भुक्तानी गरेकोमा ल्याव टेष्टको विल संलग्न नगरी भुक्तानी दिएको देखिएकोले रू.२५०००।०० को विलको सक्कल प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>२५,०००</td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>सोही फर्मलाई गो भौ नं ३१८।२०७८।१२।१० वाट एज विल्ट नक्सा ड्रइङ कार्यको लागि भनी रु.२५०००।०० भुक्तानी भएकोमा एज विल्ट नक्सा पेश गरेको नदेखिएको सो वापत भुक्तानी भएको रकम सम्वन्धित फर्मवाट असूल हुनुपर्ने रु.</td><td>२५,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुपातिक कट्टा नभएकोः</td><td>२३१,९५४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । स्वीकृत लागत अनुमान रु.३५७११४७।८१ रहेको आम्तेक खानेपानी आयोजनाको लागि नगरपालिकाले रु.३१०४०००।०० र उपभोक्ता समितिवाट रु.४६७१४७।८१ व्यहोर्ने गरी आम्तेक खानेपानी आयोजना उपभोक्ता समितिसँग सम्झौता भएको पाइयो । सम्झौता अनुसारको कार्य हुन नसकी रु.३२७६५०१।३६ वरावरको मात्र कार्य सम्पन्न पेश भएको अवस्थामा कार्यलयले व्यहोर्ने अंशको समेत अनुपातिक रुपमा कट्टी गरी रु.२८४७८९६.७४ मात्र भुक्तानी हुनुपर्नेमा गो भौ नं ३९५।२०७९।१।१३ वाट रु.१००००००।०० पेश्की समेत रु.२३१३३९८।१५ तथा गो भौ नं ५०९।२०७९।३।२६ वाट रु.१७६६४५२।८२ मध्ये पेश्की रु.१००००००।०० कट्टा गरी रु.७६६४५२।१५ गरी कुल रु.३०७९८५१।३० भुक्तानी भएको देखियो । यसरी हुनुपर्ने वास्तविक कामभन्दा कम काम भएको अवस्थामा पालिकाले व्यहोर्ने रकमको सोही अनुपातमा कट्टा गरी भुक्तानी दिनुपर्नेमा सो नगरी रु.२३१९५४।०० वढी भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु.	
५३			**वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, भोजपुर नगरपालिका र पेमा छयोलिग बौद्व गुम्वा पुनर्निर्माण उपभोक्ता समितिवीच भएको त्रिपक्षीय सम्झौता अनुसार पेमा छयोलिग बौद्व गुम्वा पुनर्निर्माण कार्यको लागि कुल लागत अनुमान रु.५९२६५७८।६९ मध्ये पुनर्निर्माण प्राधिकरणवाट ७० प्रतिशतले हुने रु.४१४८६०५।०८, पालिका र उपभोक्ता समितिवाट १५/१५ प्रतिशतले हुने जनही रु.८८८९८६।८० व्यहोर्ने गरी सम्झौता भएको पाइयो । सम्झौता अनुसार कार्य हुन नसकी रु.५१५३६२५।२६ वरावरको मात्र कार्यसम्पन्न भएको भएको अवस्थामा पालिकावाट व्यहोर्ने रकम समेत कट्टा गरी रु.७७३०४४।०० मात्र भुक्तानी दिनुपर्नेमा गो. भौ नं १७।२०७८।६।२२ वाट रु.८७४६८०।०० अर्थात रु.१०१६३६।०० वढी भुक्तानी दिएको पाइयो । यसरी सम्झौता रकमभन्दा कम कार्य सम्पन्न भएको अवस्थामा पालिकाले	१०१,६३६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यहोर्ने रकमको सोही अनुपातमा कट्टा गरी भुक्तानी दिनुपर्नेमा सो नगरी वढी भुक्तानी दिएको रकम संवन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु.	
५४			**कोटेशनमा प्रतिस्पर्धा सीमित :** सार्बजनिक खरिद ऐन, २०६३ अनुसार प्रतिस्पर्धी मुल्यमा खरिद कार्य गर्नपर्ने व्यवस्था छ । पालिकाले रु. ५ लाख भन्दा कम लागत अनुमान स्विकृत गरी सोझै व्यवसायीबाट खुल्ला दरभाउपत्र माग गरी कार्य गरेकोमा प्रतिस्पर्धा न्युन रहेको छ । योजनाहरुको प्याकेज बनाई शिलबन्दी वा बोलपत्रको माध्यमबाट कार्य गर्दा पारदर्शि र थप प्रतिस्पर्धाको सुनिश्चितता हुने वा सोही कार्य लाभग्राहीबाट गराँउदा मु अ कर र १५ प्रतिशत ओभरहेड बाहेकको न्युन लागतमा काम हुनेमा पालिकाले यस तर्फ ध्यान नदिँदा कोटेशनबाट गरेको कार्यमा पारदर्शिता कमजोर देखिएको छ । पालिकाले यसको समिक्षा गर्नु पर्दछ ।	

भौ. नं.	मिति	कार्यक्रम	निर्माण कम्पनी	भुक्तानी	सम्झौता रकमा	लागत अनुमान	घटी बढी
१	४५।२०७८।७।१०	हरी महतको घर हुँदै रंगशाला जोड्ने सडक	तुफान निर्माण सेवा	४८४०८७	४८४६५०	५०००००	०.०६
२	११५।२०७८।९।१	दावा वोर्डिङ्ग देखि चम्पिरा जोड्ने सद्क निर्माण	डि एण्ड जे यस निर्माण सेवा	४३४१७५	४३५४६६	४३६४६३	०.२२
३	१२७।२०७८।९।१२	तीनधारादेखि प्रेम सरको घर हुँदै रत्न उदासको घरसम्म सद्क स्तरोन्नती	लक्ष्मी निर्माण सेवा	३९८७८८	३९८७७८	४०००००	०.२२
४	२६५।२०७८।११।२३	ढल व्यवस्थापन	जाल्पादेवी निर्माण सेवा	४८०५२५	४८१२३०	४८४५९२	०.६९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५</td><td>२९६।२०७८।१२।१</td><td>कोटडाँडा भण्डारीगाउ हुँदै खावा सडक योजना</td><td>डि पि एस कन्स्ट्रक्सन</td><td>३९७९०७</td><td>३९७९०८</td><td>३९९९३९</td><td>०.५१</td></tr>
<tr><td>६</td><td>३४४।२०७८।१२।२३</td><td>जिल्ला अस्पताल प्रवेशद्वार सडक निर्माण</td><td>मोक्तान निर्माण सेवा</td><td>४७१५३०</td><td>४७२४९५</td><td>४७४११५</td><td>०.४७</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नियम विपरित कार्य :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं १० को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि रू ४०१५७४९।०० बजेट व्यवस्था भई सीताराम राईको अध्यक्षतामा स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई रू ३४९१९९९।५० भुक्तानी दिएको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ विपरित कार्य गराएको रू</td><td>३,४९१,९९९.५</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>प्राविधिक मूल्यांकन :

..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२। ७ को निर्णयबाट रु. १८६९१३।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>निर्माण परिमाण र गुणस्तरः</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बिलभरपाई जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । उपभोक्ता समितिवाट कार्य भएका योजनामा विभिन्न विल रकम भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कनको आधारमा आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा उपभोक्ता समितिले घटि परिमाणमा खरिद गरेको विल पेश गरेको देखियो । विभिन्न योजनामा देहाय अनुसार उपभोक्ता समितिले पेश गरेको सिमेन्टको परिमाण भन्दा बढी उपयोग भएको प्राविधिक मूल्यांकन गरेकोले लागतमा बढी दरको साथै गुणस्तर समेत न्युन हुने देखिएको छ । खरिद परिमाण भन्दा बढी मूल्याङ्कन गरी बढी लागत परेको रकम एकीन हुनु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् ।	
५७.२			खर्च मापदण्ड अनुसार सिमेन्टको प्राविधिक मुल्यांकन अनुसारको आवश्यक परिमाण भन्दा उल्लेखित ४ उपभोक्ता समितिले घटी परिमाण खरिद गरी प्रयोग गरेको मु. अ. कर विजक पेश गरेको पाईयो । उल्लेखित योजनामा भिडान गर्दा कुल ३३० बोरा सिमेन्टको प्रति बोरा मु अ. कर सहित रु.८४७।५० को दरले रु.२७९६७५।०० बढि मूल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ । यसरी बढि मूल्याङ्कन गरेको परिमाणको पुष्टयाई हुनुपर्ने अन्यथा उपभोक्ता समितिले खरिद गरेको परिमाण भन्दा वढीको मूल्यांकन गरी वढी भुक्तानी दिएको रकम असूल हुनुपर्ने रु.	२७९,६७४

गो भौ.नं. मिति	योजना/ उपभोक्ता समितिको नाम	कुल भुक्तानी	मूल्याङ्कन अनुसार हुनुपर्ने परिमाण(वोरा)	उपभोक्ताले पेश गरेको खरिद विल परिमाण(वोरा)	फरक परिमाण	बढि भुक्तानी मुअकर सहित (प्रति बोरा/ केजी)	मुअकर रकम
२४।२०७८।११।१५	वसपार्क निर्माण उ स	१८४३०००	४६१	४००	६१	५१६९७	५९४७
३४०।२०७८।१२।२२	एक्ले चौतारोदेखि कुमालधारा हुँदै टक्सार नयाँ ट्र्याक ओपन उ स	४०००००	८२	३०	५२	४४०७०	५०७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(continued table below)	
५७.३			उल्लेखित ४ वटा योजनामा प्राविधिक मुल्यांकन तथा नर्म्स अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा उपभोक्ता समितिले पेश गरेको कर विजक घटि हुँदा बिजक बेगरको मु अ कर रु. असूल गरी दाखिला गर्नुपर्ने रु.	३२,१७४

४२२।२०७९।३।६	कोटडाँडा मोडदेखि रैकर जोड्ने सडक स्तरोन्नती उ स	१९४००००	२८६	२३०	५६	४७४६०	५४६०
५०१।२०७९।३।२५	वडा कार्यालय भवन निर्माण उ स	११६९९९९	३१९	१५८	१६१	१३६४४७	१५६९७
जम्मा						२७९६७४	३२१७४

गो भौ.नं. मिति	योजना/ उपभोक्ता समितिको नाम	कुल भुक्तानी	मूल्याङ्कन अनुसार हुनुपर्ने परिमाण(वोरा)	उपभोक्ताले पेश गरेको खरिद विल परिमाण(वोरा)	फरक परिमाण	बढि भुक्तानी मुअकर सहित (प्रति बोरा/ केजी)	मुअकर रकम
२४।२०७८।११।१५	वसपार्क निर्माण उ स	१८४३०००	४६१	४००	६१	५१६९७	५९४७
३४०।२०७८।१२।२२	एक्ले चौतारोदेखि कुमालधारा हुँदै टक्सार नयाँ ट्र्याक ओपन उ स	४०००००	८२	३०	५२	४४०७०	५०७०
४२२।२०७९।३।६	कोटडाँडा मोडदेखि रैकर जोड्ने सडक स्तरोन्नती उ स	१९४००००	२८६	२३०	५६	४७४६०	५४६०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५०१।२०७९।३।२५</td><td>वडा कार्यालय भवन निर्माण उ स</td><td>११६९९९९</td><td>३१९</td><td>१५८</td><td>१६१</td><td>१३६४४७</td><td>१५६९७</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२७९६७५</td><td>३२१७४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सडक सौर्य बत्ती जडानः</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा कर छुट हुने वस्तु भएमा सो समेत खुलाई प्रापकलाई कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । खरिद भएको सोलार सेटमा सोलार प्यानल र चार्ज कन्ट्रोलर मूल्य अभिवृद्धि कर छुट हुने आइटम भएता पनि पालिकावाट लागत अनुमान वनाउँदा एकमुष्ट रुपमा वनाएको र कर विजक जारी गर्ने फर्मले खरिद भएका आइटमको मू. अ. कर लाग्ने र नलाग्ने आइटम छुट्याई कर विजक जारी गर्नुपर्नेमा सो नगरी सवै आइटममा मू. अ. कर लगाई कर विजक जारी गरेको देखियो । यसरी मू. अ. कर मा दर्ता भई मू अ कर छुट हुने सामग्रीमा समेत मू अ कर लगाई कर विजक जारी गर्ने फर्मलाई जिम्मेवार वनाई उक्त फर्मलाई भुक्तानी भएको मू. अ. कर रकममध्ये मू. अ. कर नलाग्ने आइटमको लागि भुक्तानी भएको मू. अ. कर रकम नगरपालिकाले एकिन गरी संवन्धित फर्मवाट असूल हुनुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>गो. भौ. नं.</th><th>खरिद फर्मको नाम</th><th>खरिद विवरण</th><th>भुक्तानी रकम रु.</th><th>भुक्तानी मध्ये मू अ कर भुक्तानी</th></tr>
<tr><td>१</td><td>३६९।२०७८।१२।२</td><td>गुरुचेला ट्रेड एण्ड सप्लायर्स</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
<tr><td>२</td><td>३९३।२०७८।१२।२०</td><td>लर्ड वुद्व ट्रेड एण्ड सप्लायर्स</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४९४०</td><td>५६९४०</td></tr>
</table>
</td><td>२८४,५९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३९३।२०७८।१२।२०</td><td>सोलार कन्स्ट्रक्सन एण्ड इनर्जी प्रा. ली.</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
<tr><td>४</td><td>५२२।२०७९।२।१२</td><td>हाइटेक आइटि सोलुसन प्रा. ली.</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
<tr><td rowspan="2">५</td><td>४१२।२०७९।२।६</td><td rowspan="2">एपी सप्लायर्स</td><td rowspan="2">सोलार वत्ती सेट खरिद</td><td rowspan="2">४९५३९२</td><td rowspan="2">५६९९२</td></tr>
<tr><td>नगरपालिका पूँजीगत</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४७३७९६</td><td>२८४५९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सौर्य बत्ती जडान कार्यको एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धी विधिबाट खरिद गर्नु पर्नेमा उक्त बजेट टुक्रा गरी पटक पटक विभिन्न फर्मबाट सोझै खरिद गरेको देखियो । यसरी खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम शिलबन्दी दरभाउ पत्रबाट प्रतिस्पर्धी मुल्यमा खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><td>सि नं</td><td>गो. भौ. नं.</td><td>खरिद फर्मको नाम</td><td>खरिद विवरण</td><td>भुक्तानी रकम रु.</td><td>भुक्तानी मध्ये मू अ कर भुक्तानी</td></tr>
<tr><td>१</td><td>३६९।२०७८।१२।२</td><td>गुरुचेला ट्रेड एण्ड सप्लायर्स</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
</table>
</td><td>२,४७३,७९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>३९३।२०७८।१२।२०</td><td>लर्ड वुद्ध ट्रेड एण्ड सप्लायर्स</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४९४०</td><td>५६९४०</td></tr>
<tr><td>३</td><td>३९३।२०७८।१२।२०</td><td>सोलार कन्स्ट्रक्सन एण्ड इनर्जी प्रा. ली.</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
<tr><td>४</td><td>५२२।२०७९।२।१२</td><td>हाइटेक आइटि सोलुसन प्रा. ली.</td><td>सोलार वत्ती सेट खरिद</td><td>४९४४८८</td><td>५६८८८</td></tr>
<tr><td rowspan="2">५</td><td>४१२।२०७९।२।६</td><td rowspan="2">एपी सप्लायर्स</td><td rowspan="2">सोलार वत्ती सेट खरिद</td><td rowspan="2">४९५३९२</td><td rowspan="2">५६९९२</td></tr>
<tr><td>नगरपालिका पूँजीगत</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४७३७९६</td><td>२८४५९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>नापी किताबः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । वडा नं १० मा विद्युत विस्तार कार्यक्रमको स्वीकृत लागत अनुमान रु.३९५६८८२।०० रहेकोमा नगरपालिकाले कन्टिन्जेन्सी कट्टा गरी रु.३४४००००।०० तथा उपभोक्ता रु.५१६८८२।६१ व्यहोर्ने गरी सम्झौता भएको पाइयो । उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार विद्युत तार तथा अन्य जडान सामग्री तथा जडान खर्च समावेश छ भने विद्युत पोल गत विगत वर्षहरुमा खरिद भएको तथा नेपाल विद्युत प्राधिकारणवाट समेत प्राप्त भएको पाइयो। पालिकावाट विभिन्न मितिमा सम्झौता अनुसारको रकम भुक्तानी भएको देखिएता पनि उक्त विद्युतीकरण</td><td>३,४४०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यको नापी कितावमा जडान भएको नापी किताव पेश भएन । अतः उक्त कार्यको खरिद सामग्रीको परिमाण तथा विद्युतिकरण कार्यको चेनेज खुल्नेगरी नापी कितावमा जडान भएको प्रमाण पेश हुनुपर्ने रु.	
६०			**नर्म्सभन्दा वढी भुक्तानीः** प्रदेश नं १ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी कार्यविधि, २०७५ अनुसार सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला लगायतका कार्यक्रमहरुमा सहभागीहरुलाई प्रशिक्षार्थी भत्ता वापत दैनिक रु.७००।०० भन्दा वढी दरमा भत्ता दिन मिल्ने देखिंदैन । महिला लक्षित कार्यक्रम अन्तर्गत वडा नं १ मा संचालित कृषि उत्पादन सम्वन्धी तालिम कार्यक्रम संचालन वापत उपभोक्ता समिति अध्यक्ष रोश्ना पराजुलीलाई गो भौ नं ६९०।२०७९।३।२५ वाट रु.१०००००।०० भुक्तानी दिएको देखियो । दुई दिन संचालन भएको तालिम कार्यक्रममा सहभागी ३६ जना प्रशिक्षार्थीलाई सहभागी भत्ता वापत दैनिक रु७००।०० को दरले भुक्तानी गर्नुपर्नेमा दैनिक रु१०००।०० को दरले भुक्तानी गरेको देखिएकोले ३६ जना प्रशिक्षार्थीलाई दैनिक रु.३००।०० को दरले २ दिनको वढी भुक्तानी भएको रकम रु२१६००।०० को कर कट्टी पछिको हुने रु.१८३६०।०० संवन्धितवाट असूल गरी दाखिला हुनुपर्ने रु.	१८,३६०
६१			**वृत्तचित्र निर्माणः** पालिकाको वृत्तचित्र निर्माण कार्यको लागि भोजपुर फिल्म्सले पेश गरेको प्रस्तावना अनुसार कुल लागत रु.२२३१००।०० मा नगर वृत्तचित्र निर्माण हुने र सो रकममध्ये नगरपालिकाले रु.१९४०००।०० तथा प्रस्ताव पेश गर्ने संस्थाले रु.२९१००।०० व्यहोरी वृत्तचित्र निर्माण गर्ने प्रस्तावना पेश भएको पाइयो । तर सोही कार्यक्रमको लागि कार्यक्रम संशोधन वेगर नै वडा नं ५ को रु.२००००।०० थप गरी गो भौ नं ४६२।२०७९।१।६ वाट भोजपुर फिल्म्सलाई रु.२१३९०९।५३ भुक्तानी दिएको पाइयो । यसरी वृत्तचित्र निर्माण गर्ने संस्थाले पेश गरेको प्रस्तावनामा उल्लेख भएको भन्दा रु.१९९०९।०० थप गरी भुक्तानी दिएको अनियमित देखिएको रु.	१९,९०९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**प्रमाण कागजात :** आर्थिक कार्यविधि तथ वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम 64 मा धरौटी स्रेस्ताको अभिलेख राखुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु.१५७७२५४।00 धरौटी फिर्ता गरेको छ ।पालिकाले निम्न गोश्वारा भौचरबाट धरौटी फिर्ता गर्दा स्रेस्तासाथ कर चुक्ता प्रमाण पत्र समावेश गरेको छैन । कून आर्थिक वर्षमा धरौटी राखेको हो सोही आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने रू	५८५,८९८

गो.भौ.नं./ मिति	निर्माण व्यबसायि	धरौटी फिर्ता रकम
९/०७८-७-१७	जलसिंह देवि निर्माण सेवा	४२३६२
१३/०७८-८-१४	मुकुल निर्माण सेवा	३४८८४
१५/०७८-८-२०	जय बुद्ध शेर्पा निर्माण सेवा	८८११
२०/०७८-१०-२६	न्यू मोक्तान निर्माण सेवा	२११६७
३३/०७८-११-११	भिमसेन निर्माण सेवा	४३६०२
३४/०७८-११-१२	ए.पि.आर.निर्माण सेवा	२१४११
३५/०७८-११-१२	बिजय निर्माण सेवा	९९७४
४५/०७९-१-७	लक्ष्मी निर्माण सेवा	३५२८७
४८/०७९-२-१२	भिमेश्वर निर्माण सेवा	३०१५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			४९/०७९-३-९ | क्षमादेवि निर्माण सेवा | २१३९५ ५०/०७९-३-१९ | यु.डि.बिल्डर्स कम्पनी प्रा.लि. | ३१६८५० जम्मा | | ५८५८९८	
६३			**विल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्ध रुपमा राखुपर्ने व्यवस्था छ । मनोसामाजिक तथा वित्तीय साक्षरता कार्यक्रम संचालनको लागि टेक वहादुर श्रेष्ठले लिएको पेश्की गो भौ नं ७०९।२०७९।३।३२ वाट फर्छ्यौट भएको देखियो । मिति २०७८ चैत्र १६, १८, २१ र २९ गते गरी विभिन्न वडामा संचानल भएको उक्त कार्यक्रम लागत अनुमान स्वीकृत वेगर नै संचालन भएको पाइयो । संलग्न फाँटवारीमा अन्य खर्चका अतिरिक्त टमाटर र काउलीको वीउ खरिद वापत रु.७२०००।०० को विल संलग्न रहे तापनि श्रेस्तासाथ सो विउ वितरणको भरपाई संलग्न रहेको पाइएन । यसरी सहभागीलाई वितरण गरेको भनी खर्च लेखेको रकमको वितरण भरपाई श्रेस्तासाथ संलग्न नहुनु तथा लेखापरीक्षणको समयमा कार्यक्रम संचालक स्वयंले सो को भरपाई वनाएर पेश गर्ने गरेको हुनाले यस्तो कार्यमा संलग्न कर्मचारीलाई जिम्मेवार वनाई विउ विजन खरिद वापत खर्च लेखेको रु.७२०००।०० संवन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु.	७२,०००
६४			**सुरक्षित नागरिक आवास प्रथम किस्ता भुक्तानी :** पालिकालाई सुरक्षित नागरिक आवासका लागि संघिय सरकारबाट रु ५४२०००० अनुदान प्राप्त भएको देखिन्छ । सुरक्षित नागरिक आवास संचालन कार्यविध,२०७५ को परिच्छेद-३ दफा (५)अनुदान सम्झौता र वित्तिय प्रबन्ध साथै उक्त कार्याविधिकै दफा ६ र ७ मा भए बमोजिक उपुक्त ढंगबाट कार्यक्रम संचालन गरिनु पर्दछ । जम्मा २३९ घर धनी छनौट भएकोमा पालिका यस आर्थिक बर्षमा आबद्ध रहेकोमा प्रथम किस्ता वापत प्रति घर रु ३०००० को दरले ६२ जना लाभग्राहीहरुलाई	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु १८६०००० रकम भुक्तानी गरेको देखिन्छ । त्यसै गरि पालिकाले दोस्रो किस्ता वापत रु २०००० को दरले १७८ जनालाई रू ३५६०००० रुपैया गरी जम्मा रू ५४२०००० भुक्तानी गरेको देखिन्छ । पालिकाले सुरक्षित नागरिक आवसको निमित्त सुरक्षित नगारिक आवस संचालन कार्यविधि २०७५ बमोजिम कार्यगर्नु पर्ने तथा उपयुक्त तवरले अनुगमन लाई प्रभावकारी बनाई नागरिकका के कति आवासहरु पुर्ण रुपमा बने तथा कति बाँकी रहेका छन प्रतिबेदन पेश गर्न आवश्यक देखिन्छ साथै शुक्ष्म ढंगले अनुगमन गर्नु पर्ने र योजनालाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पालिकाको ध्यान जान जरुरी देखिन्छ ।	
६५			**पालिका चालु तर्फ**	
६६			**तलबी प्रतिबेदनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष पालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।	
६७			**कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८५ जना कर्मचारीहरु करारमा राखी रु.१८९१५५२७।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र	४,१३२,५७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रु.४१३२५७०।०० भुक्तानी गरेको अनियमित देखएको रु.	
६८			**करार कर्मचारीलाई स्थानीय र महंगी भत्ताः** करार सम्झौताद्धारा नियुक्त गरिएका कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रमा कम्तीमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा निजामती कर्मचारीसरह एक महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने व्यवस्था छ भने स्थानीय भत्ता तथा महंगी भत्ता दिने व्यवस्था छैन । तर पालिकाले देहाय अनुसारका करार कर्मचारीहरुलाई चाडपर्व खर्च र पोशाक खर्चको अतिरिक्त महंगी भत्ता र स्थानीय भत्ता रु.७०९९९० दिएको देखिएकोले दिन नमिल्ने महंगी भत्ता र स्थानीय भत्ता वापत भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु..	७०९,९९०

सि नं	कर्मचारीको नाम	महंगी भत्ता	स्थानीय भत्ता	जम्मा
१	ल्या टे रचना श्रेष्ठ	२०००	३०६०	५०६०
२	अ ल्या टे द्रोणाचाल लिम्वु	२०००	२६५०	४६५०
३	अ स ई मणी कुमार तामाङ	२४०००	३०७२०	५४७२०
४	अ स ई याम प्रधान	२४०००	३०७२०	५४७२०
५	स क अ अजित दर्जी	२४०००	३०७२०	५४७२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

६	इलेक्ट्रिसियन नारायण नेपाल	८०००	०	८०००
७	ह स चा देवसिं तामाङ	२४०००	२२६२०	४६६२०
८	ह स चा हर्कराज राई	८०००	७०००	१५०००
९	ह स चा गणेश व गिरी	२४०००	२२६२०	४६६२०
१०	ह स चा मोतिलाल तामाङ	२४०००	७०००	३१०००
११	का स महेन्द्र कुमार तामाङ	२४०००	२२६२०	४६६२०
१२	का स उर्मिला राई	२४०००	२२६२०	४६६२०
१३	का स डम्वर ढकाल	२४०००	२२६२०	४६६२०
१४	ह स चा श्याम कुमार खवास	२४०००	२२६२०	४६६२०
१५	हे अ शत्रुधन राय	८०००	१२२४०	२०२४०
१६	हे अ रश्मी शर्मा	८०००	१२२४०	२०२४०
१७	हे अ रोजिना पराजुली	८०००	१२२४०	२०२४०
१८	हे अ सागर श्रेष्ठ	८०००	१२२४०	२०२४०
१९	हे अ सत्यजित सिन्हा	८०००	१२२४०	२०२४०
२०	हे अ दिपेन पाल	८०००	१२२४०	२०२४०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१</td><td>हे अ विशाल खड्का</td><td>८०००</td><td>१२२४०</td><td>२०२४०</td></tr>
<tr><td>२२</td><td>स्टाफ नर्स ज्ञानु श्रेष्ठ</td><td>८०००</td><td>१२२४०</td><td>२०२४०</td></tr>
<tr><td>२३</td><td>अ हे व विना प्रधान</td><td>८०००</td><td>१२२४०</td><td>२०२४०</td></tr>
<tr><td>२४</td><td>अ हे व रञ्जना श्रेष्ठ</td><td>८०००</td><td>१२२४०</td><td>२०२४०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७०९९९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
ननफाइलरः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. समेत रु. भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक रकम</th><th>मुअकर कर रकम</th><th>ननफाइलर रहेको मिति</th></tr>
<tr><td>२५७।२०७८।१०।२१</td><td>साल्पा पोखरी सप्लायर्स</td><td>६१५९५७७६८</td><td>८८०००</td><td>११४४०</td><td>२०७८ वैशाख</td></tr>
</table>
</td><td>१७,९४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५२१।२०७९।२।१२</td><td>आदिबारा प्रिन्टिङ प्रेस</td><td>६१५९५७७६८</td><td>५००००</td><td>६५००</td><td>२०७८ वैशाख</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७९४०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>भाडाको सवारी साधनः

नेपाल सरकारद्वारा प्रकाशित सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ मा सार्वजनिक निकाय वा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी विजुली, इन्धन जस्ता खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नु पर्नेछ भन्ने व्यवस्था छ । तर पालिकाले उक्त मापदण्डमा भएको व्यवस्था विपरित विगत २ वर्षदेखि प्र-१-०२० च ५०७३ नं. को महिन्द्रा स्कोरपियो गाडी कर वाहेकको दैनिक रु.६६००।०० को दरले इन्धन समेत कार्यालयले दिने गरी अर्जुन तामाङसँग वार्षिक सम्झौता गरेको देखियो । आ. व. २०७७।७८ देखि नै भाडामा रहेको उक्त गाडी भाडा वापत यस आ. व. मा मात्र पालिकाले मिति २०७८।३।२४ देखि २०७९।३।२३ सम्मको गाडी भाडा भनी रु.२४०९०००।०० भुक्तानी दिएको देखियो । पालिकावाट प्राप्त सवारी साधनको लगत किताव अनुसार पालिकामा चालु अवस्थामा रहेका को१झ ६३० नं को महिन्द्रा वोलेरो १ थान, वा१झ ९८०३ नं को पिकअफ ल्याण्डरोभर १ थान गरी २ थान तथा अर्धचालु अवस्थामा रहेको को१झ ५१० नं को पिकअप १ थान गरी ३ थान गाडी तथा विभिन्न व्राण्डका चालु अवस्थामा रहेका २६ थान मोटरसाइकल कार्यालयको नाममा रहेको देखिन्छ । साथै पालिकाले वर्षै भरी पटक पटक भैपरी आउने कार्यको लागि सवारी साधन भाडामा लिई भाडा वापत पटके भुक्तानी समेत गरेको देखिन्छ । यसरी कार्यालयमा विभिन्न सवारी साधन रहेको साथै अत्यावश्यक समयमा सवारी भाडामा लिई पटके भाडा भुक्तानी भएको अवस्थामा वार्षिक सम्झौता गरी सार्वजनिक विदाको दिन समेत गरी ३६५ दिन नै चलेको देखाई सवारी भाडा वापत भुक्तानी गरेको रु.२४०९०००।०० को खर्चको औचित्य पुष्टि हुन सक्दैन । यसरी मापदण्डमा भएको व्यवस्था विपरित मितव्ययी भई खर्च गर्नुपर्नेमा सो नगरी पालिकामा ३ थान सवारी रहेको अवस्थामा समेत वार्षिक सम्झौता गरी भुक्तानी भएको खर्च रकम रु.२४०९०००।०० को औचित्यता पुष्टि हुन नसकेको रु..</td><td>२,४०९,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			**प्रदेश लोक सेवा आयोगको परामर्श विना तह वृद्धिः** नेपालको संविधान अनुसार गाउँपालिकाको र नगरपालिकाको कार्यालय तथा कर्मचारी सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन अनुसार हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सञ्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने उल्लेख रहेको छ । उपदफा २ मा उपदफा १ को अधिनमा रहि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलव स्केल प्रदेश सरकारले तोके वमोजिम हुने व्यवस्था रहेको र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेवमोजिम हुने व्यवस्था रहेको छ । प्रदेश नं १ को प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ मा स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने तथा स्थानीय सरकारी सेवाको पदका कर्मचारीको सेवा शर्त सम्बन्धि कानुनको विषयमा स्थानीय सरकारी सेवाको पदमा नियुक्ती, वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा र स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय कारवाहीका सम्बन्धमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने र दफा ४५ मा आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता काम बदर गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाको मिति २०७८ पौष २५ गते वसेको छैटौ नगरसभाले कर्मचारी तह तथा स्तरवृद्धि संवन्धी ऐन, २०७८ पारित गरी स्थानीय राजपत्रमा प्रकाशित गरी २०७८ माघ ७ गते ११ जनाको तह वृद्धी गरेको देखियो । यसरी संविधान तथा कानुनमा भएको व्यवस्थाअनुसार स्थानीय सेवा ऐनको तर्जुमा गरी प्रदेश लोक सेवा आयोगको परामर्श पश्चात मात्र स्थानीय सेवाको कर्मचारीको सेवा सर्त सुविधामा निर्णय गर्नुपर्नेमा सो नगरी दिर्घकालीन आर्थिक दायित्व सिर्जना गर्ने निर्णय गर्नु नियमसंगत देखिदैन । कानुन विपरित निर्णय गर्ने प्रवृतिमा नियन्त्रण गर्दै यस प्रकार निर्णयमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।	
७२			**ग्रामिण उधम तथा विप्रेषण आयोजना समृद्धिः**	१००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सेवा प्रवाह अभिमुखिकरण कार्यक्रम :- आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा बिश्वस्त हुनुपर्ने उल्लेख छ ।पालिकाले भौ.न. २१ मिति ०७९।३।२५ बाट सुरक्षित आप्रबासी स्रोत केन्द्रको सेवा प्रवाहका बारेमा पालिका अभिमुखिकरण कार्यक्रम वापत सू.अ.खगेन्द्र खड्का लाई रु.१०००००।०० भुक्तानि दिएकोमा कार्यक्रम संचालनको स्रेस्ता परीक्षण गर्दा संचालनमा भएको खाजा, खाना, स्टेशनरी तथा बैठक खर्चको बिल मात्र संलग्न रहेको देखियो। कार्यक्रमका न्यूनतम क्रियाकलापहरु खुल्ने विवरण, फोटो, प्रतिवेदन समेत संलग्न नराखि बिल भरपाईको आधारमा दिएको भुक्तानि नियमित नदेखिएको रु.	
७३			**शिक्षा तर्फ**	
७४			**शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

विद्यालय संख्या	शिक्षक दरबन्दी				पदपुर्ती				विद्यार्थी संख्या
	स्थायी	राहत	करार	नीजि स्रोत	स्थायी	राहत	करार	नीजि स्रोत	
४५	१७६	३९	५५	०	१७६	३९	५२	०	५७२४

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>

कार्य सम्पन्न प्रतिवेदन पेश नभएको :

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८।७९ को कम्पोनेन्ट नं ८.२ मा विद्यालयहरुलाई भौतिक रकमको निकासा दिदाँ प्रत्येक स्थानीय तहले प्राप्त विद्यालयहरुको भौतिक कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता २०६० मा भएको व्यवस्था अनुसार भूकम्प प्रतिरोधी, बालमैत्री, छात्रामैत्री गराउनु पर्ने र विद्यालयहरुलाई निकासा दिएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा निम्नानुसारका विद्यालयहरुलाई निकासा दिएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रू

<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>कोठा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सिद्धेश्वर माध्यमिक विद्यालय</td><td>२</td><td>१८०००००</td></tr>
<tr><td>२</td><td>पञ्चकन्या माध्यमिक विद्यालय</td><td>४</td><td>३६०००००</td></tr>
<tr><td>३</td><td>यशोधरा माध्यमिक विद्यालय</td><td>४</td><td>३६०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९००००००</td></tr>
</table>

</td><td>९,०००,०००</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>

विद्यालयगत निकासा खाता :

पालिकाले प्रत्येक विद्यालयको स्थायी तथा अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालायगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			।पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसरी विद्यालयगत निकास खाता नराख्दा विद्यालयबाट माग भएको र पालिकाबाट निकासा दिएको रकम भिडान गर्न सकिने देखिएन। निकासाका रुपमा जाने तलव,भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन।अतः पालिकाबाट विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयर प्रणालीमा प्रविष्टि गरी विद्यालयगत निकासाको एकिकृत अभिलेख देखिने निकासा खाता तयार गर्नु पर्दछ।	
७७			**कार्य सम्पन्न प्रतिवेदन पेश नभएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ मा बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले विद्योदय माध्यमिक विद्यालयको स्कुल भवन निर्माण गर्नका लागि रू ८६९९९८९।०० मुल्य अभिवृद्धि कर सहितको लागत अनुमान तयार गरी ३३.८४ प्रतिशत कम दर कवोल गर्ने लक्ष्मी निर्माण सेवासँग रू ५५८२५८८।६३ मा कार्य गर्नेगरी मिति २०७८।९।१४ मा सम्झौता भएकोमा प्रथम रनिङ बिल मिति २०७९।।१।२२ मा रू २८९६७३५।०० निजलाई भुक्तानी गरिसकेपछि बाँकी रहेको रकम विद्यालयको खातामा पुनः निकासा रू ३४०४९२९।७४ दिएको देखियो । विद्यालयलाई निकासा दिइ सकेपछि सो कामको लागि कूल निकासा रू ६२९२६६५।०४ भएको देखिन्छ जुन ठेक्का रकमभन्दा रू ७१००७६।४१ बढी देखिएको छ । जुन ठेक्काबाट नै कार्य गराएको भएमा रू ७१००७६।४१ बढी निकासा गर्नुपर्ने थिएन। विद्यालयलाई गएको रकमको कूल रकम वरावरको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू	६,२९२,६६५.०४
७८			**अनुगमन रिपोर्ट पेश नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बील भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालयहरुको सुपरीवेक्षण तथा शिक्षकहरुको पेशागत सहयोग वापत १९ जना लाई अनुगमन भत्ता भुक्तानी भएकोमा कहाँ कुन दिन कुन विद्यालय अनुगमन गरेको हो सोको अनुगमन रिपोर्ट पेश नभएको रू	७२,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>नामथर / पद</td><td>रकम</td></tr>
<tr><td>1.</td><td>नगर प्रमुख कौशल कुमार आले</td><td>६०००</td></tr>
<tr><td>2.</td><td>प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र राई</td><td>६०००</td></tr>
<tr><td>3.</td><td>लेखा अधिकृत मुकुन्द राई</td><td>६०००</td></tr>
<tr><td>4.</td><td>शिक्षा शाखा प्रमुख पदम वहादुर वस्नेत</td><td>६०००</td></tr>
<tr><td>5.</td><td>नगर शिक्षा सहायक रमेश कुमार शाक्य</td><td>४५००</td></tr>
<tr><td>6.</td><td>नगर शिक्षा सहायक चन्द्र कुमार उदास</td><td>४५००</td></tr>
<tr><td>7.</td><td>नगर शिक्षा सहायक थिर बहादुर खत्री</td><td>३०००</td></tr>
<tr><td>8.</td><td>नगर शिक्षा सहायक रमेश कुमार आले</td><td>३०००</td></tr>
<tr><td>9.</td><td>नगर शिक्षा सहायक धनराज रेग्मी</td><td>४५००</td></tr>
<tr><td>10.</td><td>नगर शिक्षा सहायक लाल कुमार तामा</td><td>४५००</td></tr>
<tr><td>11.</td><td>नगर शिक्षा सहायक जीवल लक्ष्मी श्रेष्ठ</td><td>३०००</td></tr>
<tr><td>12.</td><td>नगर शिक्षा सहायक अम्विका कार्की</td><td>३०००</td></tr>
<tr><td>13.</td><td>नगर शिक्षा सहायक कौशल विक</td><td>३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>14.</td><td>नगर शिक्षा सहायक वन्दना सुन्दास</td><td>३०००</td></tr>
<tr><td>15.</td><td>नगर शिक्षा सहायक रमा वुढाथोकी</td><td>३०००</td></tr>
<tr><td>16.</td><td>आलेप पुष्प राई</td><td>३०००</td></tr>
<tr><td>17.</td><td>प्रशासक सुनिल दहाल</td><td>३०००</td></tr>
<tr><td>18.</td><td>सुचना प्रविधि वदिन शाक्य</td><td>३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>औषधि खरिद :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया बेगर रु १५७५३४४ को औषधी खरिद गरेको छ ।यस सम्वन्धमा आपुर्ति हुने औषधि डब्लु.एच.ओ सटीफाईड हुनुपर्ने, औषधीको उत्पादन मिति, व्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित बिज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको, आपुर्ति भएका औषधी एवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ औषघिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषघि प्राष्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरीएको औषघिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीहरुको जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम**	
८२			**थप कर्मचारीः** अपांगता रोकथाम तथा पुनःस्र्थापना कार्यक्रम (संचालन) निर्देशिका २०७६ को बुँदा नं १३ मा सहजकर्ताको छनौट अन्तर्गत सामान्यतया तराई क्षेत्रमा ३०० जनासम्म अपांगता भएका व्यक्तिहरुका लागि एक जना पहाडी क्षेत्रमा १५० जनासम्म अपांगता भएका व्यक्तिहरुका लागि १ जना र हिमाली क्षेत्रमा १०० जनासम्म अपांगता भएका व्यक्तिका लागि १ जनाका दरले सहजकर्ता छनौट हुनेछन भन्ने उल्लेख छ । प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनको त्रिपक्षीय सहकार्यमा संचालित यस कार्यक्रम अन्तर्गत सवै प्रकारका अपांगता भएका गरी कुल २१९ जना अपांगत भएका व्यक्तिहरु भएको यस पालिकामा निर्देशिकाले तोके बमोजिम दुई जनामात्र सहजकर्ता राख्न पाउनेमा चालु आ.ब. मा ४ जना सहजकर्ता राखी तलव भत्ता भुक्तानी गर्दा दुई जनाको रु ६३८६४० वढी खर्च लेखेको देखियो । यसरी कार्यविधिमा भएको व्यवस्था विपरित थप सहजकर्ता राखुको स्पष्ट कारण र आधार वेगर वढी संख्यामा सहजकर्ता राखी तलव भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.	६३८,६४०
८३			**प्रधानमन्त्री रोजगार कार्यक्रम :** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु कार्यक्रमको दिर्घकालीन सोच रहेको छ । यस कार्यक्रमबाट पालिकाभित्रका वडाहरुमा सडक, नाली, खानेपानी तथा ढल व्यवस्थापन, पर्यटन वन तथा सामुदायिक पूर्वाधार कार्यक्रम सञ्चालन गरी १५३ जनालाई दैनिक रू.५९० का दरले भुक्तानी गरी यो वर्ष रू.९० लाख २७ हजार (१ प्रतिशत कर कट्टी सहित) खर्च भएको छ । वर्षमा १०० दिन रोजगारी दिने कार्यक्रमको नीति अनुसार श्रम प्रदान कार्य गराई ज्याला भुक्तानी गरेको भएतापनि निर्माण कार्यको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना हुने अवस्था देखिदैन । गुणस्तरीय कार्य	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्पादन गर्दै दिर्घकालीन रोजगारीको सिर्जना हुन सकेमा कार्यक्रम प्रभावकारी हुने देखिन्छ । पालिकाबाट योजना छनौट गर्दा यसतर्फ ध्यान दिनु आवश्यक देखिन्छ ।	
८४			**सामाजिक सुरक्षा तर्फ :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु. ९८७०२१५९ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :	
८५			**एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन ध्यान दिनु पर्ने देखिन्छ।	
८६			**लाभग्राहीको विवरण प्रविष्टि गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए नभएको यकिन हुन सकेन ।	
८७			**पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।	
८८			**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।	
८९			**निरीक्षण तथा अनुगमन :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन ।	
९०			**सामाजिक सुरक्षा बढी निकासा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले निम्न वडाको सामाजिक सुरक्षावापतको रकम भुक्तानी गर्दा दोहोरो भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.	१९९,९२०

सि नं	वडा नं	नामथर	ना प्र नं	रकम	किस्ता
१	९	विष्णु कुमारी तामाङ	३६५।२७७९।२९४४	१२०००	प्रथम
२	१०	नर बहादुर श्रेष्ठ	६७३२।९५०	१२०००	प्रथम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>१२</td><td>रत्न कुमारी श्रेष्ठ</td><td>८८८६</td><td>१२०००</td><td>प्रथम</td></tr>
<tr><td>४</td><td>१२</td><td>सिता कुमारी श्रेष्ठ</td><td>६८६६।२४५७।२१७५</td><td>१२०००</td><td>प्रथम</td></tr>
<tr><td>५</td><td>९</td><td>धन कुमारी तामाङ मोक्तान</td><td>१.०८०४३E+११</td><td>२४०००</td><td>तेस्रो र चौथो</td></tr>
<tr><td>६</td><td>१०</td><td>रत्न कुमारी राई</td><td>१०२५९२३</td><td>४८०००</td><td>प्रथम, दोस्रो, तेस्रो, चौथो</td></tr>
<tr><td>७</td><td>१०</td><td>रत्न माया राई</td><td>६३२५९५२</td><td>४८०००</td><td>प्रथम, दोस्रो, तेस्रो, चौथो</td></tr>
<tr><td>८</td><td>१०</td><td>दालुमु शेर्पा</td><td>१४३००</td><td>३१९२०</td><td>प्रथम, दोस्रो, तेस्रो, चौथो</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९९९२०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासाः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले निम्नानुसार लाभग्राहीको मृत्यू भइसके तापनि लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेकोले लाभग्राहीको लगत अद्यावधिक गरी बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.</td><td>३०२,५९४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>वडा नं</th><th>नाम थर</th><th>नागरिकता नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>३</td><td>लक्ष्मी कुमारी श्रेष्ठ</td><td>१२६६।६२९८</td><td>मृत्यू २०७९।१।१० मा भएको तर चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>१०६७०</td></tr>
<tr><td>२.</td><td>४</td><td>ललित बहादुर श्रेष्ठ</td><td>२७१२</td><td>मृत्यू २०७९।३।१४ मा भएको तर चौथो तैमासिक पुरै बैङ्क ट्रान्सफर गरीएको</td><td>२१३४</td></tr>
<tr><td>३.</td><td>५</td><td>राज कुमारी प्रधान</td><td>९३०२५११४९</td><td>मृत्यू २०७८।१०।१० मा भएको तर तेस्रो र चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>२२६७०</td></tr>
<tr><td>४.</td><td>५</td><td>फुलमाया रावत</td><td>७३१</td><td>मृत्यू २०७९।३।१३ मा भएको तर चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>२२६१</td></tr>
<tr><td>५.</td><td>५</td><td>वृद्धिमान राई</td><td>३०२३-१५८०-३५७८</td><td>मृत्यू २०७८।७।१३ मा भएको तर दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>१०२७१</td></tr>
<tr><td>६.</td><td>६</td><td>विष्णु बहादुर राई</td><td>९०१७५००९८३</td><td>मृत्यू २०७९।२।७ मा भएको तर चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>७१००</td></tr>
<tr><td>७.</td><td>९</td><td>पद्मा तामाङ</td><td>४८९।७५०९</td><td>मृत्यू २०७८।११।२८ मा भएको तर तेस्रो र चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>१६०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८.	९	असार माया तामाङ	१९६५।६७८९	मृत्यू २०७८।५।११ मा भएको तर प्रथम, दोस्रो, तेस्रो र चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	४२५४७
९.	९	पदम कुमारी तामाङ	५९०।७१०५	मृत्यू २०७९।२।२१ मा भएको तर चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	५१९७
१०.	१०	योग बहादुर राई	४९५९४४८४८९	मृत्यू २०७८।४।२२ मा भएको तर प्रथम तैमासिक बैङ्क ट्रान्सफर गरीएको	८९३१
११.	११	मन कुमारी राई	४३२४२।२८६३	मृत्यू २०७९।२।१३ मा भएको तर चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	६२८१
१२.	१२	अम्बर बहादुर तामाङ	१६८।२७६०	मृत्यू २०७८।४।९ मा भएको तर प्रथम र दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	२२८०३
१३.	१२	सम्वर बहादुर श्रेष्ठ	२३४१।२२०९	मृत्यू २०७८।६।२० मा भएको तर प्रथम र दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	१३३३०
१४.	१२	दिल कुमारी श्रेष्ठ	६८८।२८६९	मृत्यू २०७८।४।३२ मा भएको तर प्रथम, दोस्रो, तेस्रो र चौथो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	४४०००
१५.	१२	गंगा माया प्रधान	१३७७।३४४०	मृत्यू २०७८।८।१ मा भएको तर दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको	८०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६.</td><td>१२</td><td>पूर्ण माया श्रेष्ठ</td><td>२३०३।२४९०</td><td>मृत्यू २०७८।७।७ मा भएको तर दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>१२०००</td></tr>
<tr><td>१७.</td><td>१२</td><td>मैयादेवी तुलाधार</td><td>२१६।३२४८</td><td>मृत्यू २०७८।९।१४ मा भएको तर दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>२१२८</td></tr>
<tr><td>१८.</td><td>१२</td><td>मैया राई</td><td>८५७।१३६</td><td>मृत्यू २०७८।१०।३ मा भएको तर तेस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>१२०००</td></tr>
<tr><td>१९.</td><td>१२</td><td>दिल कुमारी मगर</td><td>१६४८।७१५७</td><td>मृत्यू २०७८।५।४ मा भएको तर प्रथम र दोस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>२००००</td></tr>
<tr><td>२०.</td><td>१२</td><td>मन बहादुर विश्वकर्मा</td><td>७३४।२९४८</td><td>मृत्यू २०७८।४।१३ मा भएको तर प्रथम दोस्रो र तेस्रो तैमासिक बैङ्क ट्रान्सफर गरीएको</td><td>३४२७१</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३०२५९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>संघीय संचितकोषमा दाखिला नभएको :

पालिकाले लाभग्राहीको मृत्यु एव अन्य कारणबाट सामाजिक सुरक्षा भत्ता बैङ्कबाट नझिकेको अवस्थामा निष्कृय खाताको विवरण माग गरी रकम यकिन गरेर संचित कोषमा दाखिला गर्नुपर्दछ । पालिकाले निम्न बमोजिमको बैंकबाट फर्ता गरी पालिकाको खातामा जम्मा गरेको रकम रु. १८२९२७.०० संचित कोषमा दाखिला गरेको छैन । लाभग्राहीको विवरण अद्यावधिक गरी फिर्ता आएको रकमलाई समयमै संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१८२,९२७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>बैंकको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>प्रभु बैंक</td><td>२२६७</td></tr>
<tr><td>२</td><td>सिटिजन बैंक</td><td>४६५७४</td></tr>
<tr><td>३</td><td>एन एम वि बैंक</td><td>३६६८१</td></tr>
<tr><td>४</td><td>मेघा बैंक</td><td>११८००</td></tr>
<tr><td>५</td><td>माछापुछ्रे बैक</td><td>६७९६०</td></tr>
<tr><td>६</td><td>लक्ष्मी विकास बैंक</td><td>११७६४</td></tr>
<tr><td>७</td><td>वाणिज्य बैक</td><td>५८८१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८२९२७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>कर तथा शुल्क असुली :

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५६,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>४००००००</td><td>३२४४३३६.४९</td><td>८१।११</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१५०००००</td><td>१९१३९९९.८</td><td>१२७।५९</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२६०००००</td><td>२१९९६०५</td><td>८४।६०</td></tr>
<tr><td>अन्य राजश्व</td><td>८५०००००</td><td>११०८७४२९.२</td><td>१३०।४४</td></tr>
<tr><td>वहाल विरौटी</td><td>२८००००</td><td>१४२५००</td><td>८९</td></tr>
<tr><td>अन्य सेवा शुल्क</td><td>२६९२६९</td><td>११९८९५</td><td>४४।५३</td></tr>
<tr><td>नक्सा पास</td><td>५०००००</td><td>२८७७७१.६१</td><td>५७।५५</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>१५०००००</td><td>१०७५३५५</td><td>७१।६९</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता</td><td>२५००००</td><td>१४५३३०</td><td>५८।१३</td></tr>
<tr><td>प्रशासनिक दण्ड जरिवाना</td><td>३०००००</td><td>१८७६९४.८</td><td>६२।५६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०४०३९१६.९</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९५			**रसिद नियन्त्रण खाताः** पालिकाले रसिद नियन्त्रण खाता पेश नगरेकोले तोकिएको ढाँचा नगदि रसिद नियन्त्रण खाता म.ले.प.फा.नं. ९०४ साविक १०८ अनुसार तयार गरे नगरेको एकिन हुन सकिएन। गत वर्षको मौज्दात ठेली संख्या, यो वर्ष छपाएको ठेली संख्या र बाँकी रहेको मौज्दात रसिद ठेलीहरुको लेखापरीक्षणको क्रममा उपलब्ध भएन। आम्दानी, खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित बनाई राख्नुपर्दछ।	
९६			**राजश्व असुल नगरेको :** पालिकाको आर्थिक ऐन २०७८ को दफा १३ मा पालिकाले अनुसुची १२ मा उल्लेखित सेवा उपलव्ध गराउँदा सेवाग्राहिबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका वडा कार्यालयहरुले अनुसूचीमा उल्लेखित सेवा उपलव्ध गराउदा आर्थिक ऐनले तोकेको शुल्क लिन] गरेको देखिएन । यसरी आर्थिक ऐनमा भएको व्यवस्था विपरित वडा कार्यालयहरु तथा पालिकाबाट उपलव्ध गराईएको सेवा सुबिधमा तोकिएको दरमा शुल्क नलिने कार्य नियम सम्मत नदेखिएकोले यस सम्बन्धमा सम्बन्धित पक्षले ध्यान दिई सेवा शुल्क असुल गर्नुपर्ने देखिन्छ ।	
९७			**नगदी रसिद :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 27(5) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। गाउँपालिकाको राजश्व आम्दानी रसिद देहायका कर्मचारीहरुले बुझि लगेको देखिन्छ तर उक्त ठेलीबाट के कति आम्दानी भएको हो र सोबापतको रकम राजश्व दाखिला भएको नदेखिएकोले के कति राजश्व उठेको हो यकिन गरी राजश्व दाखिला गर्नुपर्ने देखिन्छ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>वडा नं</td><td>नगदी</td><td>बुझिलिने व्यक्तिको नाम</td></tr>
<tr><td>१</td><td>१८०१-१९००</td><td>दिपक पराजुली</td></tr>
<tr><td>४</td><td>१७५१-१८००, १९००-२००
७००१-९००(२ प्याड)</td><td>हेमराज दाहाल
याम बहादुर प्रधान</td></tr>
<tr><td>१२</td><td>११०१-१४०० (३ प्याड)</td><td>खड्ग बहादुर तामाङ</td></tr>
</table></td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>व्यावसाय कर :

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यावसाय गर्ने व्याक्तिहरुवाट व्यावसाय कर उठाउनु पर्ने व्यावस्था रहेको छ। पालिकाको आफ्नो क्षेत्र भित्र रहेको व्यावसायिहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पुर्ण व्यावसायीको अध्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>बिज्ञापन करः

प्रदेश आर्थिक ऐन, २०७७ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्रे वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गरीने उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१००			**मनोरञ्जन करः** प्रदेश आर्थिक ऐन २०७७ को दफा ४ अनुसुची २ बमोजिमको मनोरन्जन कर पालिकाले असुल गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन । पालीकाले आफ्नो क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ।	
१०१			**अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।	
१०२			**विपद् व्यवस्थापन**	
१०३			**भरपाई पेश नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत विपद् प्रभावित व्यक्तिहरुलाई राहत वितरण कार्यको लागि भनी १५ जना व्यक्तिहरुलाई जनही रु.४०००००।०० को दरले वितरण हुने रकम मध्ये स्थानीय तहवाट व्यहोरिने १५ प्रतिशतले हुने प्रतिव्यक्ति रु.६००००।०० को दरले १५ जनाको रु.९०००००।०० गो भौ नं २७६।२०७८।१०।२० वाट खर्च लेखी जिल्ला प्रशासन कार्यालयको खातामा पठाएको देखियो । तर श्रेस्तासाथ उक्त रकम संवन्धित व्यक्तिहरुलाई वितरण गरेको भरपाई संलग्न नरहेकोले सो रकम वितरण गरेको भरपाई पेश हुनुपर्ने रु.	९,००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०४			**समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।	
१०५			**कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरे/नगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।	
१०६			**वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०७			**वन पैदावार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।	
१०८			**यातायात गुरुयोजना :** स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्र्याक ओपेनिङ लगायतका काम गर्दै आएको छ । पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन । सडक निर्माणको कार्यलाई दिगो, प्रभावकारी र बजेट औचित्यपूर्ण प्रयोगको लागि अनिवार्य रुपमा यातायात गुरु योजना तयार गर्नुपर्ने देखिन्छ ।	
१०९			**अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ ।	
११०			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।	
१११			**योजना छनौट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले अधिकांश सडक निर्माण कार्य अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै छनौट तथा कार्यान्वयन गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदनको आधारमा मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।	
११२			**जिन्सी व्यवस्थापन र लगत अद्यावधिकः** कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो। अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>११३</td><td></td><td></td><td>पेश्की बाँकी :

प्रदेश आर्थिक कार्यविधि नियमावली, 2075 को नियम 80 मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निम्न बमोजिम पेश्की विवरण प्राप्त भएको म्याद नाघेको पेश्की फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><td rowspan="2">भौ.नं./मिति</td><td rowspan="2">पेश्की लिने व्यक्ति/सस्था</td><td colspan="2">पेस्की रकम</td></tr>
<tr><td>म्याद नाघेको</td><td>म्याद ननाघेको</td></tr>
<tr><td colspan="4">ठेकेदार</td></tr>
<tr><td>४३३ । २०७९।२।३१</td><td>दि डिजाइनर्स नेपाल प्रा लि</td><td>१२०००००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२०००००</td><td></td></tr>
</table></td><td>१,२००,०००</td></tr>
<tr><td>११४</td><td></td><td></td><td>बेरुजू लगत तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनकोदफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन,</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फस्यौंट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु. ८३२५१(हजारमा) रहेकोमा यस वर्ष सम्परीक्षण गराएको छैन। बेरुजू फस्यौंट गर्न पालिकाको ध्यान जानु पर्दछ ।	